# नेपाल राष्ट्र बैंक

बैंक तथा वित्तीय संस्था नियमन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं।
फोन नं.: ४४१९८०४/५
Web Site: www.nrb.org.np
पोष्ट बक्स:७३


पत्र संख्या : बै.वि.नि.वि./नीति/सूचना/१४/०७९/८०

मिति: २०७९/११/२८

## सूचना

**इजाजतपत्रप्राप्त सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरु,**

यस बैंकबाट जारी भएको "नेपाल राष्ट्र बैंक अन्तिम ऋणदाता सम्वन्धी नीतिगत व्यवस्था, २०६७" लाई खारेज गरी यसै साथ संलग्न **"नेपाल राष्ट्र बैंक अन्तिम ऋणदाता सुविधासम्बन्धी विनियमावली, २०७९"** जारी गरिएको हुँदा सोहीबमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो सूचना जारी गरिएको छ।

कार्यकारी निर्देशक

# नेपाल राष्ट्र बैंक
# अन्तिम ऋणदाता सुविधासम्बन्धी विनियमावली, २०७९

नेपाल राष्ट्र बैंक
बालुवाटार, काठमाडौं

# नेपाल राष्ट्र बैंक अन्तिम ऋणदाता सुविधासम्बन्धी विनियमावली, २०७९

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ५ को उपदफा (१) को खण्ड (ज) मा नेपाल राष्ट्र बैंकको काम, कर्तव्य र अधिकारअन्तर्गत वाणिज्य बैंक तथा वित्तीय संस्थाको बैंक तथा अन्तिम ऋणदाताको रुपमा कार्य गर्ने भन्ने उल्लेख रहेको र सोही ऐनको दफा ४९ को उपदफा (२) बमोजिम नेपाल राष्ट्र बैंकले अन्तिम ऋणदाताको रुपमा कार्य गर्नुपर्ने अवस्थामा आफ्नो भूमिका निर्वाह गर्न वाञ्छनीय भएकोले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ११० को उपदफा (२) को खण्ड (ण) ले दिएको अधिकार प्रयोग गरि यो विनियमावली तर्जुमा गरी लागु गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम *"नेपाल राष्ट्र बैंक अन्तिम ऋणदाता सुविधासम्बन्धी विनियमावली, २०७९"* रहेको छ ।

(२) यो विनियमावली नेपाल राष्ट्र बैंकको संचालक समितिले स्वीकृत गरेको मितिदेखि लागु हुनेछ ।*

२. **परिभाषा** : बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस व्यवस्थामा,-

(क) "ऐन" भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ सम्झनु पर्छ ।

(ख) "राष्ट्र बैंक" भन्नाले ऐनबमोजिम स्थापना भएको नेपाल राष्ट्र बैंक सम्झनु पर्छ ।

(ग) "समिति" भन्नाले ऐनको दफा १४ बमोजिम गठन भएको राष्ट्र बैंक संचालक समिति सम्झनु पर्छ ।

(घ) "इजाजतपत्रप्राप्त संस्था" भन्नाले बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ बमोजिम वित्तीय कारोबार गर्न इजाजतपत्रप्राप्त बैंक वा वित्तीय संस्था र पूर्वाधार विकास बैंक सम्झनु पर्छ ।

(ङ) "बैंक" भन्नाले बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ को दफा ४९ को उपदफा (१) बमोजिमको वित्तीय कारोबार गर्न संस्थापना भएको संगठित संस्था सम्झनु पर्छ ।

(च) "वित्तीय संस्था" भन्नाले बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ को दफा ४९ को उपदफा (२), (३), (४), (५) बमोजिमको कारोबार गर्न संस्थापना भएको संगठित संस्था सम्झनु पर्छ र सो शब्दले विकास बैंक, वित्त कम्पनी, लघुवित्त वित्तीय संस्था र पूर्वाधार विकास बैंक समेतलाई जनाउँछ ।

(छ) "अन्तिम ऋणदाता सुविधा" भन्नाले इजाजतपत्रप्राप्त संस्थालाई ऐनको दफा ५ को उपदफा (१) को खण्ड (ज) तथा दफा ४९ को उपदफा (२) बमोजिम राष्ट्र बैंकले प्रदान गर्ने ऋण सम्झनु पर्छ ।

* *यो विनियमावली मिति २०७९/११/१४ मा स्वीकृति भई कार्यान्वयनमा आएको छ ।*

३. **उद्देश्य** : इजाजतपत्रप्राप्त संस्थाले अन्तरबैंक बजार, दैनिक तरलता सुविधा, खुला बजार कारोवार र स्थायी तरलता सुविधाका माध्यमबाट आवश्यक तरलता व्यवस्थापन गर्न नसकी तत्कालको दायित्व पूरा गर्न असमर्थ भई प्रणालीगत जोखिम सिर्जना हुने र बैंकिंग प्रणालीप्रति सर्वसाधारणको विश्वसनीयतामा कमी आउन सक्ने जोखिम देखिएमा अन्तिम ऋणदाताको रुपमा राष्ट्र बैंकले आवश्यक ऋण प्रदान गरी वित्तीय स्थायित्व कायम गर्नु यो विनियमावलीको उद्देश्य हुनेछ ।

४. **अन्तिम ऋणदाता सुविधा प्रदान हुनसक्ने अवस्था** : (१) देहायका कुनै एक वा एकभन्दा बढी अवस्थामा आफ्नो दायित्व पूरा गर्न समर्थ नभएको कारण देखाई इजाजतपत्रप्राप्त संस्थाको संचालक समितिले अन्तिम ऋणदाता सुविधाको लागि राष्ट्र बैंक समक्ष अनुरोध गरेमा र त्यस्तो अनुरोध राष्ट्र बैंकलाई मनासिव लागेमा समितिको निर्णयबमोजिम राष्ट्र बैंकले अन्तिम ऋणदाता सुविधा प्रदान गर्न सक्नेछ :-

(क) इजाजतपत्रप्राप्त संस्थाले अन्तरबैंक बजार, दैनिक तरलता सुविधा, खुला बजार कारोवार र स्थायी तरलता सुविधाका माध्यमबाट आवश्यक तरलता व्यवस्थापन गर्न नसक्ने अवस्था भएमा ।

(ख) इजाजतपत्रप्राप्त संस्थाले आफूसँग बजारयोग्य सम्पत्ति नभएको कारणबाट आफ्नो तत्कालको दायित्व पूरा गर्न नसकने अवस्था भएमा ।

(ग) ठूलो परिमाणको निक्षेप भुक्तान भई वा भुक्तान गर्नुपर्ने अवस्था आई इजाजतपत्रप्राप्त संस्थाले आफ्नो तत्कालको दायित्व पूरा गर्न सक्षम नभएमा ।

(घ) इजाजतपत्रप्राप्त संस्थाले प्रतिवद्धता जनाईसकेको कर्जा प्रवाह गर्न असफल भई त्यसको नकारात्मक असर अर्थव्यवस्थामा पर्ने भएमा ।

(ङ) कुनै एक इजाजतपत्रप्राप्त संस्थाको समस्या वा असरले अन्य स्वस्थ संस्था धरासायी हुने गरी प्रणालीगत जोखिम सिर्जना हुने अवस्था आएमा ।

(च) इजाजतपत्रप्राप्त संस्था आफ्नो वित्तीय दायित्व पूरा गर्न असमर्थ भएको कारण बैंकिंग प्रणालीप्रति सर्वसाधारणको विश्वसनीयतामा कमी आउन सक्ने भएमा ।

(छ) प्राकृतिक प्रकोपको कारण इजाजतपत्रप्राप्त संस्थाले आफ्नो तत्कालको दायित्व भुक्तान गर्न नसक्ने नभएमा ।

(ज) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिका कारण सिर्जित असहज अवस्थाबाट इजाजतपत्रप्राप्त संस्था आफ्नो तत्कालको दायित्व पूरा गर्न असमर्थ भएमा ।

(झ) इजाजतपत्रप्राप्त संस्थाले आफ्नो दायित्व पूरा गर्न समर्थ नभएमा र त्यस्तो संस्था खारेजीमा लैजाँदा अर्थव्यवस्था तथा वित्तीय प्रणालीमा चुनौती सृजना हुन सक्ने भएमा ।

५. **योग्यता** : इजाजतपत्रप्राप्त संस्थाको संचालक समितिले इजाजतपत्रप्राप्त संस्था पुनरुत्थान गर्न पेश गरेको कार्ययोजना (Revival Plan) तथा इजाजतपत्रप्राप्त संस्था दीर्घकालमा सहज ढंगले संचालन हुनसक्ने (Viability) विषयमा राष्ट्र बैंक विश्वस्त भएमा मात्र इजाजतपत्रप्राप्त संस्था अन्तिम ऋणदाता सुविधाको लागि योग्य मानिने छ ।

६. **धितो सुरक्षण :** (१) राष्ट्र बैंकले अन्तिम ऋणदाता सुविधा उपलब्ध गराउँदा इजाजतपत्रप्राप्त संस्थाको वित्तीय विवरणमा देखाइएका सम्पत्तिलाई विश्वासको आधारको रुपमा लिई ऐनको दफा ४९ को उपदफा (१) बमोजिमका देहायका जायजेथालाई सुरक्षणको रुपमा लिनेछ ।

(क) ऐनको दफा ६६ को उपदफा (१) को खण्ड (ङ) मा उल्लेख भए बमोजिमको अन्तर्राष्ट्रिय विनिमय अधिकारपत्र,

(ख) नेपालभित्र भुक्तानी हुने गरी नेपाल सरकारबाट जारी भएको ऋणपत्र,

(ग) राष्ट्र बैंकमा जम्मा रहेको निक्षेप वा ऐनअन्तर्गत राष्ट्र बैंकले कारोबार गर्न सक्ने सुन तथा बहूमूल्य धातु,

(घ) ऐनको दफा ४८ को उपदफा (१) बमोजिमका विनिमयपत्र वा प्रतिज्ञापत्र,

(ङ) सरकारले दिएको प्रचलित बजार दरको सुरक्षणपत्रको ग्यारेन्टी,

(च) इजाजतपत्रप्राप्त संस्थाको असल कर्जा, विविध लगानी तथा आसामी,

(छ) समितिले उपयुक्त ठानेका अन्य सुरक्षणपत्र ।

(२) धितो सुरक्षणको मूल्य समायोजन : धितोको रूपमा राखिने धितो सुरक्षणमा समितिले आवश्यकताअनुसार निश्चित प्रतिशतले घटाई अर्थात् Haircut गरी अन्तिम ऋणदाता सुविधा प्रदान गरिने छ ।

(३) उप विनियम १ बमोजिमको जायजेथालाई सुरक्षणको रुपमा स्वीकार गर्दा समितिले प्राथमिकता निर्धारण गर्न सक्नेछ ।

७. **प्रक्रिया :** (१) राष्ट्र बैंकले देहायको प्रक्रिया पूरा गरी इजाजतपत्रप्राप्त संस्थालाई अन्तिम ऋणदाता सुविधा उपलब्ध गराउने छ :-

(क) इजाजतपत्रप्राप्त संस्थाको संचालक समितिले यस व्यवस्थाअन्तर्गत ऋण माग गर्नु पर्नाको कारण, आवश्यक पर्ने रकम र सोको भुक्तानी योजनासम्बन्धी निर्णय गरी राष्ट्र बैंक समक्ष अनुसूची-१ को ढाँचामा देहायको विवरण संलग्न गरी निवेदन पेश गर्नु पर्नेछः

(१) आगामी ६ महिनाको नगद प्रवाह प्रक्षेपण (पहिलो ४ हप्ताको लागि दैनिक नगद प्रवाह प्रक्षेपण र ४ हप्तापछि ६ महिनासम्म साप्ताहिक नगद प्रवाह प्रक्षेपण) ।

(२) विभिन्न समयावधिको सम्पत्ति तथा दायित्वको विवरण (Maturity Profile) (पहिलो दिन, १-७ दिन, ८-१४ दिन, १५-३० दिन, ३०-९० दिन, ९०-१२० दिन र १२० दिनभन्दा अधिक) ।

(३) निक्षेप तथा अन्य अल्पकालीन दायित्वको विवरण (आकार, प्रकार तथा समयावधिको आधारमा सूची) ।

(४) पुनरुत्थानसम्बन्धी कार्ययोजना (Revival Plan) तथा अन्तिम ऋणदाता सुविधाबाट वहिर्गमन रणनीति (Exit Strategy)।

(५) इजाजतपत्रप्राप्त संस्थाले यस बैंक समक्ष निवेदन पेश गर्दा विनियम ६ को उप विनियम(१) बमोजिम धितो सुरक्षणको रुपमा राख्न सकिने सुरक्षणहरूको विवरण समेत पेश गर्नुपर्नेछ ।

(ख) इजाजतपत्रप्राप्त संस्थाले निवेदन पेश गर्दा अन्तरबैंक बजार, दैनिक तरलता सुविधा, खुला बजार कारोवार र स्थायी तरलता सुविधाका माध्यमबाट आवश्यक तरलता व्यवस्थापन गर्न नसकेको व्यहोरा स्वघोषणा गर्नु पर्नेछ ।

(ग) इजाजतपत्रप्राप्त संस्थाले अनुसूची-२ बमोजिमको ढाँचामा तमसुक र अनुसूची-३ को ढाँचामा प्रतिज्ञापत्र संस्थाको प्रमुख कार्यकारी अधिकृतले सहीछाप गरी राष्ट्र बैंकसमक्ष पेश गर्नु पर्नेछ ।

(घ) उपविनियम (१) को खण्ड (ग) बमोजिम तमसुक र प्रतिज्ञापत्र पेश गर्दा विनियम ६ को उप विनियम (१) बमोजिम अन्तिम ऋणदाता सुविधाअन्तर्गत प्राप्त रकमलाई खाम्ने जायजेथा र/वा सुरक्षण पेश गर्नु पर्नेछ ।

(ङ) उपविनियम (१) बमोजिम इजाजतपत्रप्राप्त संस्थालाई दिइने रकम तत्कालको आवश्यकता हेरी राष्ट्र बैंकबाट एकै पटक वा पटक/पटक गरी स्वदेशी मुद्रामा प्रवाह गरिनेछ। यस्तो सुविधा प्रदान गर्दा राष्ट्र बैंकले इजाजतपत्रप्राप्त संस्थाको निक्षेप संकलन, लाभांश वितरण, कर्जा प्रवाह, शाखा स्थापना तथा अन्य व्यावसायिक तथा प्रशासनिक क्रियाकलापमा शर्त तोक्न सक्नेछ ।

८. **अन्तिम ऋणदाता सुविधाको रूपमा उपलब्ध गराएको ऋणको भुक्तानी अवधि** : अन्तिम ऋणदाताको रूपमा उपलब्ध गराइएको ऋणको भुक्तानी अवधि ऐनको दफा ४९ को उपदफा (२) को अधीनमा रही ६ महिना सम्मको हुनेछ ।

९. **ब्याजदर** : अन्तिम ऋणदाता सुविधाको रूपमा प्रदान गरिने ऋणको ब्याजदर प्रचलित बैंक दरमा २ प्रतिशत बिन्दुले पेनाल दर थप हुने गरी प्रदान गरिनेछ ।

१०. **अनुगमन** : अन्तिम ऋणदाता सुविधा उपयोग गर्ने इजाजतपत्रप्राप्त संस्थालाई तोकिएका शर्तहरूको अनुपालना भए/नभए सम्बन्धमा नियमित अनुगमन गरिनेछ ।

११. **विनियमावलीको संशोधन** : यो विनियमावलीको संशोधन आवश्यकतानुसार समितिले गर्न सक्नेछ ।

१२. **खारेजी तथा बचाऊ** : (१) नेपाल राष्ट्र बैंकद्वारा जारी गरिएको "नेपाल राष्ट्र बैंक अन्तिम ऋणदातासम्बन्धी नीतिगत व्यवस्था, २०६७" खारेज गरिएको छ ।

(२) यस सम्बन्धमा यस अघि भए गरेका काम कारवाही यसै विनियमावली बमोजिम भए गरेको मानिने छ ।

***

**अनुसूची -१**

*(निवेदनको नमूना)*

मिति: २०.. । .. । ..

श्रीमान् कार्यकारी निर्देशकज्यू,
नेपाल राष्ट्र बैंक,
बैकिंग विभाग,
काठमाण्डौं ।

विषय: अन्तिम ऋणदाता सुविधा उपलब्ध गराउने सम्बन्धमा ।

महोदय,

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ५ को उपदफा (१) को खण्ड (ज) तथा दफा ४९ को उपदफा (२) बमोजिम राष्ट्र बैंकले ऋण प्रदान गर्ने कानुनी व्यवस्था तथा मिति मा राष्ट्र बैंकद्वारा जारी विनियमावली अनुसारको अन्तिम ऋणदाता सुविधा यस संस्थालाई आवश्यक परेको हुँदा निम्न बमोजिमका कागजात संलग्न गरी अन्तिम ऋणदाता सुविधा प्राप्त गर्न यो निवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु/छौं ।

१. अन्तिम ऋणदाता सुविधाअन्तर्गत माग भएको रकम :

२. संचालक समितिको निर्णय :

३. विनियम ६.१ बमोजिमको धितो सुरक्षणको विवरण :

४. उपरोक्त ऋण चुक्ता गरिने मिति :

५. अन्तरबैंक बजार, दैनिक तरलता सुविधा, खुला बजार कारोवार र स्थायी तरलता सुविधाका माध्यमबाट आवश्यक तरलता व्यवस्थापन गर्न नसकेको, स्वघोषणा

६. बैंक वा वित्तीय संस्थाको पुनरुत्थान गर्ने कार्ययोजना तथा वहिर्गमन रणनीति

उपरोक्त सुविधाको सांवा र व्याज उल्लिखित मितिभित्रै भुक्तानी गरिनेछ । कथंकदाचित भुक्तानी नभएको खण्डमा यस बैंकको नेपाल राष्ट्र बैंकमा रहेको जुनसुकै खाता खर्च गरेर वा सुरक्षणवापत राखिएको सम्पत्ति मार्फत, वा अन्य तरिकाले असुल उपर गर्न मेरो/हाम्रो मञ्जुरी रहेको व्यहोरा अनुरोध गर्दै यसमा कुनै किसिमको फरक परेमा प्रचलित कानुनबमोजिम सहन बुझाउन तयार भएको व्यहोरा समेत अनुरोध गर्दछु/छौं ।

सम्बन्धित बैंक तथा वित्तीय संस्थाको छाप

सम्बन्धित बैंक वा वित्तीय संस्था लिमिटेडको तर्फबाट
अख्तियार प्राप्त अधिकारी
दस्तखत :
नाम :
पद :
विभाग/कार्यालय :

**अनुसूची -२**

*(तमसुकको नमूना)*

लिखितम धनीका नाम का.जि. का.म.न.पा.स्थित नेपाल राष्ट्र बैंक, बैकिङ्ग विभाग आगे सो रकम ऋण लिने ............ केन्द्रीय कार्यालय रहेको.................... बैंक/वित्तीय संस्था...... लिमिटेडको तर्फबाट सो बैंक/वित्तीय संस्थाका .................................... ले नेपाल राष्ट्र बैंकबाट अन्तिम ऋणदाता सुविधा प्रदान गर्ने सम्बन्धमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ५ को उपदफा (१) को खण्ड (ज) तथा दफा ४९ को उपदफा (२) ले गरेको व्यवस्था अन्तर्गत नेपाल राष्ट्र बैंकसँग आजका मितिमा रु. ............ ..........(अक्षरेपी ............................................... ............. मात्र) कर्जा लिएको ठीक साँचो हो । उक्त कर्जा लिएको रकम बापत ऋणीले आफ्नो देहायको धितो सुरक्षण तथा अन्तिम ऋणदाता सुविधा उपयोग गर्ने सम्बन्धमा गरेको तमसुक र/वा प्रमिसरी नोट धितो सुरक्षणको रुपमा राखिदिएका छौं । तपसिल बमोजिमका शर्तहरू र यस सम्बन्धमा नेपाल राष्ट्र बैंकबाट जारी विनियमावलीको व्यवस्था तथा नेपाल राष्ट्र बैंकले समय समयमा तोकेको शर्तको पालना गर्नेछौं । उक्त शर्तहरू पालना नगरेमा प्रचलित कानुन बमोजिम कारवाही गरी असूल उपर हुन/गर्न बैंक वा वित्तीय संस्थाको सञ्चालक समितिको निर्णय समेत रहेकोले नेपाल राष्ट्र बैंक, बैंकिङ्ग विभाग काठमाडौंमा बसी यो तमसुक लेखी धनी नेपाल राष्ट्र बैंकमा चढायौं ।

तपसिल

क. धितोको विवरण

ख. शर्तहरू:

१. बढीमा .... महिना अवधिका लागि मात्र यो अन्तिम ऋणदाता सुविधा प्रदान गरिएको छ ।

२. अन्तिम ऋणदाता सुविधा बापत राष्ट्र बैंकलाई वार्षिक सयकडा .... प्रतिशतका दरले व्याजसहित एकमुष्ट रुपमा साँवा व्याज बुझाउनु पर्नेछ ।

३. निर्धारित समयभित्र साँवा व्याज भुक्तान नगरेमा भुक्तान हुन बाँकी रकममा सो अवधिमा प्रकाशित गरेको कर्जा तथा सापटको अधिकतम व्याजदरको आधारमा नै पेनाल व्याजदर कायम गरी राष्ट्र बैंकले ऋणीको कुनै पनि खाता खर्च गरी रकम असुल उपर गर्न सक्नेछ ।

४. अन्तिम ऋणदाता सुविधा उपभोग गरेको साँवा/व्याज भुक्तानी म्याद समाप्त भएको दिन सो रकम भुक्तानी नगरेमा राष्ट्र बैंक स्थित सम्बन्धित संस्थाको जुनसुकै खाता खर्च लेखी कर्जा असूलउपर गरि लिन र सो को खर्च गर्ने अख्तियारी राष्ट्र बैंकलाई दिइएको मानिनेछ । यस उपर कुनै उजुरी वा दावी लाग्ने छैन ।

५. धितोको रुपमा राष्ट्र बैंकलाई दिईएको तमसुकमा उल्लिखित विवरणको सम्पूर्ण जिम्मेवारी .............................. को हुनेछ ।

६. राष्ट्र बैंकले प्रदान गरेको अन्तिम ऋणदाता सुविधाको सम्बन्धमा समय समयमा मागेका बखत तोकिएको म्यादभित्र ऋणीले तोकिएको विवरण उपलब्ध गराउनु पर्नेछ ।

७. धितो सुरक्षणमा लिइएको सुरक्षणमा पहिलो दावी राष्ट्र बैंकको हुनेछ ।

| नेपाल राष्ट्र बैंकको तर्फबाट | .........बैंक/वित्तीय संस्थाको तर्फबाट अख्तियारप्राप्त व्यक्ति |
|---|---|
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |
| पद : | पद : |
| छापः | छाप : |
| विभाग/कार्यालय : | विभाग/कार्यालय : |

ईति सम्बत् २० .. साल ........... महिना .......गते रोज ....... शुभम् ।

**अनुसूची -३**

(अन्तिम ऋणदाता सुविधा उपयोग गर्ने सम्बन्धित बैंक/वित्तीय संस्थाको लेटरप्याडमा)

अन्तिम ऋणदाता सुविधाको लागि प्रतिज्ञापत्र (Promissory Note) को नमूना

…………………, केन्द्रीय कार्यालय रहेको …………………… बैंक/वित्तीय संस्था……. लिमिटेडले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ५ को उपदफा (१) को खण्ड (ज) तथा दफा ४९ को उपदफा (२) ले गरेको व्यवस्था अन्तर्गत नेपाल राष्ट्र बैंकबाट आजका मितिमा रु. ………… ………. (अक्षरेपि ……………………………………… ………….. मात्र) अन्तिम ऋणदाता सुविधा प्राप्त गरेको ठीक साँचो हो । राष्ट्र बैंक वा सो बैंकले आदेश गरेको पक्षलाई मिति ……………….मा ……….. प्रतिशत वा नेपाल राष्ट्र बैंकले तोकेको व्याजदरले हुन आउने व्याज रकम र सावाँ रकम रु. ………… ………. (अक्षरेपि ……………………………………… ………….. मात्र) तिर्न बुझाउन …………………… बैंक/वित्तीय संस्था…… लिमिटेड प्रतिज्ञा गर्दछ र उल्लिखित मितिमा नतिरेमा वा नबुझाएमा नेपाल राष्ट्र बैंकले जुनसुकै तरिकाले असुलउपर गरी लिएमा यस बैंक/वित्तीय संस्थाको मन्जुरी छ भनी सो संस्थाको तर्फबाट अख्तियारप्राप्त म/हामी यो प्रतिज्ञापत्रको लिखतमा दस्तखत गर्दछु/छौं ।

………बैंक/वित्तीय संस्थाको तर्फबाट अख्तियारप्राप्त व्यक्ति

दस्तखत :

नाम :

पद :

संस्थाको छाप :

विभाग/कार्यालय :

ईति सम्बत् २० .. साल ………… महिना …….गते रोज ……. शुभम् ।